अपराध पीडित सहायता केंद्र (RIKU) ले मानवतस्करी वा यस्तै प्रकारको शोषणका पीडितहरूका लागि विशेष सेवा प्रदान गर्ने गर्दछ।

यस्तो अवस्थामा हामीलाई सम्पर्क गर्नुहोस्:

- तपाईंलाई यस्तो अवस्थामा धोका दिइयो जहाँबाट तपाईं समस्याबाट उम्किन सक्नुहुन्न।
- यदि कसैले तपाईंलाई अति न्युन तलब दिएर, यौन सेवा दिन, अपराध गर्न वा तपाईंको इच्छा विरुद्ध अरू केही गर्न बाध्य पारेर वा विचार परिवर्तन गराएर जस्ता कामबाट तपाईंको फाईदा उठाई राखेको छ।
- तपाईं के गर्नुहुन्छ, कहाँ जानुहुन्छ, कोसँग बोल्नुहुन्छ वा आफ्नो पैसा कसरी प्रयोग गर्नुहुन्छ भन्ने कुराको कसैले नियन्त्रण गर्छ।
- कसैले तपाईंलाई दबाब वा धम्की दिएर, जस्तै व्यक्तिगत कुरा खुलाएर, तपाईंलाई देश निकाला गरेर, अधिकारीहरूलाई रिपोर्ट गरेर वा तपाईं वा तपाईंको परिवारका सदस्यहरूलाई चोट पुर्‍याएर जस्ता कामबाट आफ्नो आज्ञा पालन गर्न लगाउने प्रयास गर्छ।
- यदि कसैले फिनल्यान्ड आउनका लागि तपाईंसंग कसैले पैसा लिएको छ भने , उदाहरणका लागि काम, आवसीय अनुमति पत्र वा भिसाका लागि पैसा मागेको छ।
- तपाईं नियमित रूपमा दिनको 8 घण्टाभन्दा बढी वा अतिरिक्त तलब बिना ढिलासम्म काम गर्नुहुन्छ; तपाईंसँग हप्तामा औसतमा 2 दिनभन्दा कम बिदा हुन्छ वा तपाईंले तलबी बिरामी बिदा वा वार्षिक बिदा पाउनुहुन्न।
- यदि तपाईंले विवाह वा सम्बन्ध समाप्त गर्नुभयो भने तपाईंलाई हानि पुर्‍याइने डर छ, वा तपाईंलाई जबरजस्ती त्यो सम्बन्धमा राखिएको छ।

यदि यी मध्ये कुनै पनि कुरा सत्य हो भने, वा तपाईं वा तपाईंको नजिकको व्यक्ति मानवतस्करी वा यस्तै शोषणको शिकार भएको शंका लागेमा, कृपया हामीलाई फोन वा सन्देशमार्फत सम्पर्क गर्नुहोस्:

+358 40 632 9293

अथवा इमेल गर्नुहोस् **help@riku.fi**

RIKU

RIKOSUHRIPÄIVYSTYS
VICTIM SUPPORT FINLAND

अपराध पीडित सहायता केंद्र (RIKU) फिनल्याण्ड

यहाँ अपराधका पीडितहरू, उनीहरूका नजिकका व्यक्तिहरू तथा अपराधका साक्षीहरूलाई मार्गदर्शन र सहायता प्रदान गर्ने गर्दछ ।

अनलाइन | फोनबाट | प्रत्यक्ष

निम्न अवस्थामा सल्लाह र सहायता प्राप्त गर्न पीडित सहायता केन्द्र (RIKU) लाई सम्पर्क गर्नुहोस्:

- तपाईं अपराधको पिडित हुनुहुन्छ वा तपाई माथि अपराध भएको शंखा भएको छ भने
- तपाईंले अपराधको साक्षी हुनुहुन्छ भने
- तपाईंको नजिकको व्यक्ति अपराधको शिकार भएको छ भने

हाम्रा सेवाहरू पूर्ण रूपमा गोप्य छन्। यदि तपाईलाई अपराध रिपोर्ट वा उजुरी गर्ने वा नगर्ने बारेमा द्विविधा छ भने, तपाईं आफ्नो नाम नखुलाइ पनि हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ। हामी तपाईलाई यसको प्रक्रिया के हुन्छ भनेर जानकारी दिन सक्छौं।

कृपया ध्यान दिनुहोस्:

- हामी तपाईंको अनुमति बिना तपाईं वा तपाईंको मुद्दाबारे कसैलाई जानकारी दिने छैनौं।
- हामीलाई सम्पर्क गर्दा तपाईंले आफ्नो मुद्दाबारे विशेष जानकारी दिनु आवश्यक छैन।
- यदि तपाईंलाई फिनिश, स्विडिश वा अंग्रेजी बोल्न आउँदैन भने संधै गोप्यनियताको मान राख्ने आधिकारिक दोभासेको सुविधा पनि उपलब्ध गराउने छौं।

अनलाइन

→ **Riku.fi/trafficking**
→ **Riku.fi/labor-exploitation**

तपाईंलाई आफ्नो काममा मानवतस्करीको अपराध वा शोषणको शंखा भएमा गोप्य सहयोग र सलाहका लागि **help@riku.fi**

फोनबाट

मानवतस्करी र यस्तै शोषणका पीडितहरूका लागि हेल्पलाइन
+358 40 632 9293

सोमवार-शुक्रवार दिउँसो 1-4 बजेसम्म फोन वा म्यासेज गर्नुहोस्

प्रत्यक्ष

आवश्यक पर्दा हामी तपाईंलाई RIKU को कुनै एक कार्यालयमा भेट्न सक्छौं।

आवश्यता भएको खण्डमा हामी तपाईसंग प्रहरी चौकी वा अदालतमा एक जना तालिमप्राप्त सहयोगी व्यक्ति प्रदान गर्नेछौं।

तपाई हामीलाई तपाई कै आफ्नो भाषामा सम्पर्क गर्न सक्नुहुन्छ।
RIKU राजनीतिक वा धार्मिक सम्बन्ध नभएको गैर-सरकारी संस्था (NGO) हो।